प्राबिधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**प्रदेश नं.५**

बुटवल-१२, नयाँगाऊँ, रुपन्देही

**शैक्षिक सत्र २०७६/०७७ मा डिप्लोमा तथा प्रमाण पत्र तहको पूर्ण शुल्कीय तर्फको नतिजा प्रकाशन एवं मुख्य परीक्षार्थिहरु(Main Candidate) मा छनौट भएका परीक्षार्थीहरुलाई अध्ययन गर्न सिफारिस भएका शिक्षण संस्थाहरुमा भर्ना हुन जाने सम्बन्धी जरुरी सूचना**

**प्रकाशित मिति २०७६।०४।३०**

प्राबिधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालयबाट मिति २०७६।३।२१ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना तथा प्राबिधिक शिक्षा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालयको मिति २०७६।०३।१६ गते पत्र संख्या २०७६/ ०७७, चं नं.८४६ को पत्रबाट प्राप्त अख्तियारी बमोजिम शैक्षिक सत्र २०७६/०७७ को डिप्लोमा/प्रमाण पत्र तहका पूर्ण शुल्कीय तर्फका विभिन्न कार्यक्रमहरुमा परिषदका आँगिक, साझेदारी तथा परिषदबाट सम्बन्धन / स्विकृति लिई संचालित विभिन्न शिक्षण संस्थाहरुमा आवेदन फारम भरी प्रदेश नं.५ अन्तर्गतका विभिन्न परीक्षा केन्द्रहरुबाट मिति २०७६।४।२२ गते बिहान ७.०० बजे देखि संचालन भएको प्रवेश परीक्षामा सम्मिलित भएका परीक्षार्थीहरुको नतिजा डिप्लोमा तथा प्रमाण पत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०७४(दोस्रो संशोधन सहित) बमोजिम योग्यताक्रम अनुसार सिफारिस भई पूर्ण शुल्कीय कार्यक्रमको नतिजा प्रकाशन उप-समितिको मिति २०७६।०४।३० गतेको निर्णयानुसार प्राबिधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् प्रदेश नं.५ , बुटवल-१२, नयाँगाऊँ, रुपन्देहीबाट नतीजा प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशि गरिएको छ । नतिजाको विवरण परिषद्को वेबसाईट www.ctevt.org.np तथा परिषद प्रदेश नं.५ को वेबसाईट www.ctevtp5.org.np मा प्रकाशित गरिएको छ ।

सिफारिस भएका मुख्य परीक्षार्थीहरु यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०७६।५।१२) गते भित्र भर्ना भईसक्नु पर्ने भएकोले उल्लेखित म्याद भित्र आवशयक कागजातहरु(शैक्षिक प्रमाण पत्रहरु, प्रवेश परीक्षाको प्रवेश पत्र र आफ्नो वर्ग खुल्ने प्रमाण पत्रको सक्कल प्रति) लिई तोकिएको शिक्षण संस्थामा भर्ना हुन जानुहुन सम्बन्धितलाई यसै सूचना द्धारा जानकारी गराईन्छ ।

सम्बन्धित शिक्षण संस्थाहरुले यसै सूचनालाई आधार मानी परिषद्को वेबसाईट www.ctevt.org.np तथा परिषद् प्रदेश कर्यालयको वेबसाईट www.ctevtp5.org.np मा प्रकाशित नतिजा विवरण अनुसार आफ्नो शिक्षण संस्थामा सिफारिस भएका परीक्षार्थीहरुको शैक्षिक कार्यक्रम अनुसारको शैक्षिक योग्यता तथा आवश्यक कागजातहरु भर्ना सम्बन्धि निर्देशिकाको बुदां नं.११ मा भएको प्रावधान अनुरुप रुजु गर्ने जिम्मेवारी सम्बन्धित शिक्षण संस्थाको प्राचार्यको हुने हुंदा सोही अनुसार तोकिएको म्याद भित्र भर्ना गराउन हुन यसै सूचनाद्धारा जानकारी गराईन्छ । उल्लेखित म्याद भित्र परीक्षार्थी भर्ना हुन नआई कोटा रिक्त रहन गएमा पूर्ण शुल्कीय कोटाहरुमा डिप्लोमा तथा प्रमाण पत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धि निर्देशिका २०७४(संशोधन सहित) को बुंदा नं.६ को (च),(छ),(अ),(आ) र (ई) बमोजिम बैकल्पिक सूचिमा रहेका परीक्षार्थीहरुलाई भर्ना गर्नुपर्ने प्रावधान रहेकोले सोही बमोजिम प्रक्रिया पुरा गरेर मात्र भर्ना गराउन हुन जानकारी गराईन्छ । प्रक्रिया र कागजात नपुगेका परीक्षार्थीको भर्ना स्वतः रद्द हुनेछ ।

SEE को स्तरोन्नती परीक्षामा सामेल भई विभिन्न शैक्षिक कर्यक्रममा भर्नाका लागि मुख्य परीक्षार्थीको रुपमा सिफारिस भएका परीक्षार्थीहरुले SEE को नतीजामा आवश्यक न्युन्तम शैक्षिक योग्यता प्राप्त नगरेमा भर्ना स्वतः रद्द हुने शर्तमा कबुलियत गराई ईच्छुक परीक्षार्थीलाई भर्ना गर्नुहुन अनुरोध छ । सम्बन्धित शिक्षण संस्थाहरुले भर्ना सम्बन्धि प्रक्रिया नपुर्याई पूर्ण शुल्कमा भर्ना गरेको पाईएमा भर्ना सम्बन्धि निर्देशिका २०७४ को बुंदा नं.६(छ) र (इ) बमोजिम भई जाने व्यहोरा समेत सूचित गराईन्छ ।

**नोटः सम्बन्धित संस्थाहरुले प्रवेश परीक्षा वापत परिषद् प्रदेश कार्यालयलाई बुझाएको शुल्कको रसिद देखाई प्रदेश कार्यालयबाट प्रवेश परीक्षाको नतिजा प्राप्त गर्न सकिने छ ।साथै विद्यार्थीहरुको रजिष्ट्रेशन गर्दा उक्त नतिजाको प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।**

**निर्देशक**